" कृषि, पर्यटन र पुर्वाधार, समृद्ध मिक्लाजुङको आधार "

स्थानीय सरकार

मिक्लाजुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

रवि, पाँचथर

कोशी प्रदेश, (नेपाल)

पत्र संख्याः २०८१/०८२

सूचना नं.

मिति : २०८२/०३/३०

ने.सं. ११४५ दिल्लागा सोमबार

## सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०३/३०)**

यस मिक्लाजुङ गाउँ कार्यपालिका कार्यालयको देहाय पदहरुको सेवा करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ (पन्ध्र) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित गुगल सिट फाराम (Google Sheet Form) भरी प्रविष्टि आवेदन दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | आवेदन दस्तुर | सेवा अवधि |
|---|---|---|---|---|---|---|
| १. | ४/२०८१/०८२ | रोजगार संयोजक | छैटौं | १ (एक) | रू १०००/- | कार्यक्रममा आधारित |
| २. | ५/२०८१/०८२ | ल्याब टेक्निसियन | पाँचौ | १ (एक) | रू ७००/- | तोकिए बमोजिम |
| ३. | ६/२०८१/०८२ | लघु उद्यम विकास सहजकर्ता | चौथो | २ (दुई) | रू ५००/- | कार्यक्रममा आधारित |
| ४. | ७/२०८१/०८२ | हे.अ. | पाँचौ | १ (एक) | रू ७००/- | तोकिए बमोजिम |

### १. आवश्यक न्यूनतम योग्यता र अनुभवः-

| | |
|---|---|
| रोजगार संयोजकः- | १. मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण,<br>२. २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको, |
| ल्याब टेक्निसियनः- | १. १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ ल्याब प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषदमा नाम दर्ता तथा नविकरण भएको, |
| लघु उद्यम विकास सहजकर्ताः- | १. १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको,<br>२. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्बन्धी डिप्लोमा कोर्ष उत्तीर्ण गरेको वा उद्यम विकास सहजकर्ता सीप परीक्षण तह २ वा ३ उत्तीर्ण गरेको वा उद्यम विकास सहजकर्ता सम्बन्धी प्राविधिक प्रवेशिका परीक्षा (टीएस.एल.सी.) उत्तीर्ण गरेको, |
| हे.अ. | १. १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,<br>२. मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी सम्बन्धित व्यवसायी परिषदमा नाम दर्ता तथा नविकरण भएको, |

२. दरखास्त दिने स्थानः- मिक्लाजुङ गाउँकार्यपालिकाको कार्यालय, रवि पाँचथर। वा गुगलसिट फारामबाट

३. दरखास्त दिने अन्तिम मितिः- २०८२ साल श्रावण १२ गते सोमबार कार्यालय समय भित्र।

४. दरखास्त दस्तुर तथा भुक्तानी माध्यमः गाउँपालिकाको कृषि बिकास बैंक, रविको ग १.१ आन्तरिक राजश्व खाता **MIKLAJUNG RURAL MUNICIPALITY GA 1.1 INTERNAL REVEN**(खाता नं. **0625101395925112**)को राजस्व शिर्षक नं.१४२२४ मा तोकिएको दरखास्त दस्तुर भुक्तानी भौचर वा Local Revenue-LLRP Mobile Application डाउनलोड गरी सो एप्सबाट व्यक्तिगत युजर बनाइ मिक्लाजुङ गाउँपालिका, पाँचथरको राजस्व पोर्टल भित्रको राजस्व शिर्षक नं.१४२२४ बाट तोकिएको राजस्व भुक्तानी भौचर कपी अपलोड गरी प्रविष्टि गर्न सकिनेछ।

५. छनौटको किसिमः- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन/ लिखित/प्रयोगात्मक/ अन्तर्वाता

६. आवेदन साथ संलग्न कागजातहरुः- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजतको प्रतिलिपिहरुः-

क) नेपाली नागरिकता

ख) न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र

ग) चारित्रिक प्रमाण पत्र

घ) तालिमको प्रमाण पत्र

ङ) अनुभव भएको भए सोको कागजात

च) आवेदन फाराम

**७. सेवा सुविधा तथा अन्यः-**

रोजगार संयोजकको हकमाः स्थानीय तहमा रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६ बमोजिम हुनेछ। (आवेदनको ढाँचा र रोजगार संयोजक पदको कार्यविवरण, पाठ्यक्रम लगायत पदपूर्ति सम्बन्धी अन्य विस्तृत जानकारी मन्त्रालय तथा गाउँपालिकाको वेवसाइटबाट उपलब्ध हुनेछ।)

लघु उद्यम विकास सहजकर्ताः- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम हुनेछ।

ल्याब टेक्निसियन र हे.अ.को हकमाः गाउँ कार्यपालिका कार्यालयले तोके बमोजिम हुनेछ।

८. परीक्षा तालिकाः- प्रारम्भिक सूची प्रकाशनका बखत तय गरिनेछ।

९. पाठ्यक्रमः- बिषयक्षेत्रसँग सम्बन्धित MCQs तथा रोजगार संयोजकको हकमा थप Computer Skill Test

**१०. आवेदन फाराम भर्ने लिंकः-** https://forms.gle/RPZpt2xdHEP5q2LB8 मा गई प्रविष्टी गर्न सकिनेछ साथै मिक्लाजुङ गाउँपालिकाको वेभसाइट www.miklajungmunpanchthar.gov.np बाट आवेदन फाराम डाउनलोड गरी फर्म भरी गुगल सिट फाराममा प्रविष्टि गर्नसक्नुहुनेछ।

११. विस्तृत जानकारीको लागि सम्पर्क नम्बर ९८५२६८४८२८/ ९७४४३२०००२ मा सम्पर्क गरी जानकारी लिन सक्नुहुनेछ।

२०८२/०३/३०

सन्तोष श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत